# ठाटीकाँध गाउँपालिकाको विनियोजन ऐन २०७९ को ऐन

सभामा पेश भएको मिति : २०७९।०३।१०

**ठाटीकाँध गाउँपालिकाको कार्यालय**

**लकान्द्र दैलेख**

**कर्णाली प्रदेश, नेपाल**

# ठाटीकाँध गाउँपालिकाको विनियोजन विधेयक, २०७९ को ऐन

**प्रस्तावना :** ठाटीकाँध गाउँपालिका दैलेखको २०७९।८० को सेवा र कार्यहरुका लागि संञ्चित कोषबाट केहि रकम खर्च गर्ने अधिकार दिन सो रकम विनियोजन गर्न वाञ्छनिय भएकोले नेपालको संविधानका धारा २२९ को उपधारा २ बमोजिम ठाटीकाँध गाउँपालिका, दैलेखलेको गाउँसभाले यो ऐन बनाएको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भः** क) यस ऐनको नाम **ठाटीकाँध गाउँपालिकाको विनियोजन ऐन, २०७९** रहनेछ ।

ख) यो ऐन स्थानिय राजपत्रमा प्रकाशित भएको मिति देखि लागु हुनेछ ।

**२. आर्थिक वर्ष २०७९।८० को लागि संञ्चित कोषबाट रकम खर्च गर्ने अधिकार**

१. आर्थिक वर्ष २०७९।८० को लागि गाउँ कार्यपालिका,वडा समिति,विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका लागि अनुसूचि १ मा उल्लेखित चालु खर्च २२ करोड ९३ लाख ४५ हजार ५ सय ६८ रुपैया मात्र , पुँजीगत खर्चमा रु १८ करोड ७६ लाख ४६ हजार ३ सय ७४ मात्र रकम समेत गरी जम्मा रकम (अक्षरुपी रु ४४ करोड रु १९ लाख रु ९१ हजार ९ सय ४२ रुपैया मात्र) मा नवढाई निर्दिष्ट गरे बमोजिम संञ्चित कोषबाट खर्च गर्न सकिनेछ ।

**३. विनियोजन** :

१. यस ऐनद्धारा संञ्चालित कोषबाट खर्च गर्न अधिकार दिएको रकम आर्थिक वर्ष २०७९।८० को लागि ठाटीकाँध गाउँपालिका, दैलेखको गाउँ कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको लागि विनियोजन गरिनेछ ।

२. उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि गाउँ कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको लागि विनियोजन गरेको रकम मध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा गाउँ कार्यपालिकाले बचत हुने शिर्षकबाट नपुग हुने शिर्षकमा रकम सार्न सक्नेछ । यसरी रकम सार्दा एक शिर्षकबाट सो शिर्षकको जम्मा रकमको १० प्रतिशत नबढ्ने गरी कुनै एक वा एकभन्दा बढी शिर्षकबाट अर्को एक वा एक भन्दा वढी शिर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ ।पुँजीगत खर्च र वित्तिय व्यवस्था तर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शिर्षकमा बाहेक अन्य चालु खर्च शिर्षक तर्फ सार्न र वित्तिय व्यवस्था अर्न्तगत सावाँ भुक्तानी खर्च तर्फ विनियोजित रकम ब्याँज भुक्तानी खर्च शिर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन । तर चालु तथा पुँजीगत खर्च र वित्तिय व्यवस्थाको खर्च व्यर्होन एक श्रोत्तबाट अर्को श्रोत्तमा रकम सार्न सकिनेछ ।

३. उपदफा २ मा जुनसुकै कुरा लेखिएको भएता पनि एक शिर्षकबाट सो शिर्षकको जम्मा स्विकृत रकमको १० प्रतिशत्त भन्दा बढ्ने गरी कुनै एक वा एकभन्दा बढी शिर्षकहरुमा रकम सार्न परेमा गाउँ सभाको स्विकृत लिन पर्नेछ ।